
# बनबेहडा रहस्यमय हत्याकाण्ड : मानवताविरोधी कलङ्क

**कैलालीको चौमाला गा.वि.स. स्थित कुचैनी खोला नजिक ग्वासी सामुदायिक वनमा अज्ञात समूहद्वारा एक नाबालक, तीन महिला र दुई पुरुषको विभत्स हत्या गरिएको घटनाको स्थलगत अध्ययन प्रतिवेदन :**



**सारांश**


कैलाली जिल्लाको चौमाला गा.वि.स.स्थित कुचैनी खोला नजिकको ग्वासी सामुदायिक वनमा ०६२ जेठ ३० गते राती अज्ञात समूहले एक नाबालक सहित छजनाको विभत्स ढङ्गले हत्या गऱ्यो। मारिनेहरू सशस्त्र प्रहरीका परिवार तथा आफन्त थिए। एकजना नाबालक, तीनजना महिला र दुईजना पुरुष थिए। यसअघि सोही रातको १२.०० बजेको समयमा आठ-दशजना हतियारधारीहरूको समूह चौमालास्थित सशस्त्र प्रहरी बल बनबेहडाको दक्षिणपट्टी झण्डै डेढ सय मिटर दूरीमा रहेको बस्तीमा आएको थियो। हतियारधारीहरूले ढोका ढक्ढक्याएपछि ढोका खोलेका महिलाहरूलाई "तिमीहरूका श्रीमान कहाँ छन् ? के गर्छन् ? उनीहरूको फोटो कहाँ छ ?" भनी सोधपुछ गर्दै करिब एक घण्टासम्म कोठाको खानतलासी समेत लिए। जाने बेलामा ठूलो स्वरमा "प्रहरीहरूलाई खुटिया पठाइदिनू, हामी त्यहीँ हुन्छौँ" भन्दै छजनालाई अपहरण गरिएको बताइन्छ।

अपहरण भएको झण्डै पाँच घण्टापछि मात्र सुरक्षाकर्मीले घटनाबारे खबर पाएका थिए। खबर पश्चात ०६२ जेठ ३१ गते सुरक्षाकर्मीले नजिकैको जङ्गल र खुटिया खोला वरिपरि खोजतलास गरे तापनि अपहरितहरूलाई फेला पार्न सकेनन्। सोही दिन दिउँसो सामुदायिक वनका पालेले वनमा लास भएको खबर पाए। खोजबिनमा एक महिला र एक बालकको लास देखिसकेपछि उनीहरूले स्थानिय बासिन्दालाई भेला गराई आवश्यक परामर्श लिएर सुरक्षाकर्मीलाई जानकारी दिए। पालेले खबर गरेको डेढ घण्टापछि (४:०० बजे)सुरक्षाफौजको गणदेखि झण्डै २० मिनेटको दूरीमा रहेको घटनास्थलमा सुरक्षाकर्मीहरू पुगी शवहरू गण परिसरभित्र ल्याए।

हत्यास्थलको रूपमा रहेको सामुदायिक वन अपहरणस्थलबाट अन्दाजी डेढ कि.मी. पूर्वपट्टि रहेको छ। दूधे बालक बाहेक मारिनेहरू सबैका हात बाँधिएका, घाँटी रेटिएका थिए। शरीरका ठाउँ ठाउँमा धारिलो हतियारले रोपिएका थिए। एक वर्षीय बालक दीपेन्द्रको आन्द्राभुँडी छरपष्ट अवस्थामा थियो। प्रत्यक्षदर्शीहरूका अनुसार, मृतक महिलाहरूका शरीरका तल्लो अङ्गका कपडाहरू च्यातिएको अवस्थामा रहेका थिए। हत्याकाण्डको आरोप माओवादीमाथि लागेको, तर उक्त पक्षले अस्वीकार गरेको पृष्ठभूमिमा घटना रहस्यमय बनेको छ।



**मानवअधिकार सन्धि अनुगमन समन्वय समिति**

**सचिवालय : अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**


**स्युचाटार, कलंकी, काठमाडौं, पोष्ट बक्स नं. २७२६**

**फोन** : ४२७८७७०, **फ्याक्स** : ४२७०५५१

**इमेल** : insec@insec.org.np, **वेबसाइट** : www.insec.org.np, inseconline.org


**२०६२ असार ७ गते, काठमाडौं**

# Summary



An unidentified group on June 13, 2005 brutally killed six persons including a minor at Gwasi Community Forest near Kuchaini River of Chaumala VDC in Kailali district at Far Western Region. Those killed were family members and relatives of Armed Policemen. Among killed were one minor, three women and two men. Prior to this, a group of 8-10 armed persons had come to the village some one hundred fifty meters south to the Armed Police Battalion Banbehada of Chaumala in the midnight at 12:00 o' clock. After knocking the door, the armed persons asked the women opening the door 'Where are your husband? What do they do? Where are their pictures?' and searched the room for one hour. It has been known that while returning back, they said in a loud voice, "Send Policemen to Khutiya, we will be there" and abducted those six persons.

Security persons received the information about the abduction only after five hours. On receiving the information, the security persons searched the nearby jungle and surroundings of Khutiya River on June 14, 2005 but were unable to find those abducted. In the afternoon, guards of the community forest received information about dead bodies being in the forest. On seeing dead bodies of one woman and one child during the search, they gathered locals and after taking necessary suggestions they informed the security persons. After one and a half hour (4:00 p.m.) that the guard had informed about the incident, security persons, who were at their barrack at a distance of only 20 minutes from the incident site, reached the site and brought the dead bodies inside the premises of the barrack.

The community forest- used as the killing spot- lies only around one and a half kilometer east from the site of abduction. Apart from the baby, all others killed were handcuffed and their throats slit. Their bodies were pierced on various parts with sharp weapon. Intestine of one and a half year old boy Dipendra was badly spread. According to the eyewitnesses the clothe at the lower part of the body of killed women was torn. Though Maoists have been alleged of this massacre, their denial has made the incident mysterious.

**Human Rights Treaty Monitoring Coordination Committee (HRTMCC)**

**Secretariat: INSEC**

Sychutar, Kalanki, Kathmandu, P.O.Box 2726

Tel : 4278770, Fax : 4270551

Email : insec@insec.org.np, Website : www.insec.org.np, inseconline.org

**21 June 2005**

## पृष्ठभूमि

कैलाली जिल्लाको सदरमुकाम धनगढीदेखि १९/२० कि.मी. उत्तरपूर्वमा पर्ने चौमाला गा.वि.स.स्थित ग्वासी सामुदायिक वनमा एक बालक, तीनजना महिला (सशस्त्र प्रहरीहरूका श्रीमतीहरू) र दुईजना पुरुषहरूलाई निर्मम तरीकाले गरिएको हत्याको स्थलगत अध्ययन गर्न तथा घटनाको निष्पक्ष छानबिनका लागि मानवअधिकार समुदायको दबाब बढाउन मानवअधिकार सन्धि अनुगमन समन्वय समिति (एचआरटिएमसीसी) का तर्फबाट इन्सेकका अध्यक्ष सुबोधराज प्याकुरेल र सिविनका अध्यक्ष गौरी प्रधानको नेतृत्वमा मध्यपश्चिम तथा सुदूरपश्चिमका मानवअधिकारवादीहरू संलग्न एक टोली घटनास्थल पुगी स्थलगत अध्ययन गऱ्यो। टोलीले २०६२ जेठ ३१ गतेदेखि ०६२ असार ३ गतेसम्म अध्ययनका क्रममा घटनाका प्रत्यक्षदर्शी, उद्धारकार्यमा संलग्न व्यक्तिहरू, मृतकका परिवार तथा आफन्तहरू, सुरक्षा निकाय, नागरिक समाज, माओवादी र राजनीतिक दलका प्रतिनिधि तथा स्थानीय मानवअधिकार संघ-संस्थाका प्रतिनिधिहरूसँग घटनाका सम्बन्धमा सोधपुछ तथा छलफल गरेको थियो।

## स्थलगत अध्ययनको उद्देश्य

१. घटनाको स्थलगत अध्ययनबाट प्राथमिक सूचना हासिल गर्नु,
२. घटनाको निष्पक्ष छानबिनका लागि मानवअधिकार समुदायको दबाब बढाउनु,
३. यस्ता घटना नदोहोरियून् भन्नका लागि दबाब बढाउनु,

## अध्ययन पद्धति

१. घटनाका सम्बन्धमा प्रारम्भिक तथ्य सङ्कलन,
२. घटनाका सम्बन्धमा प्रकाशित सामग्रीको अध्ययन,
३. घटनास्थलको अवलोकन,
४. घटनासँग सम्बन्धित मृतकका परिवार, छिमेकी, प्रत्यक्षदर्शी, उद्धारकर्मी आदिसँग भेट गरी सोधपुछ तथा छलफल,
५. स्थानीय बासिन्दाहरूसँग सोधपुछ र छलफल,
६. सुरक्षा निकाय, स्थानीय प्रशासन, नागरिक समाज, मानवअधिकारकर्मी तथा अन्य सम्बन्धित निकाय र व्यक्तिहरूसँग छलफल,

## अध्ययन टोली

१. सुबोधराज प्याकुरेल, अध्यक्ष, इन्सेक, काठमाण्डौ
२. गौरी प्रधान, अध्यक्ष, सिविन तथा एलायन्स, काठमाण्डौ
३. भोला महत, क्षेत्रीय संयोजक, इन्सेक मध्यपश्चिम कार्यालय, नेपालगञ्ज
४. खड्कराज जोशी, क्षेत्रीय संयोजक, इन्सेक सुदूरपश्चिम कार्यालय, धनगढी
५. नेत्र के.सी., सम्वाददाता, बीबीसी
६. गोपालनाथ योगी, केन्द्रिय सदस्य, गैरसरकारी संस्था महासंघ, नेपाल
७. प्रकाश उपाध्याय, अधिकृत, हिमराइट्स लाईफलाइन, नेपालगंज
८. सरोज पोखेल, अध्यक्ष, एलायन्स कैलाली
९. ज्योतीलाल बन, संयोजक, ग्रिनसो धनगढी
१०. मधु पन्थी, प्रलेख अधिकृत, इन्सेक, क्षेत्रीय कार्यालय, धनगढी
११. मनमोहन स्वार, प्रधानसम्पादक, धनगढी पोष्ट
१२. कर्ण शाह, अध्यक्ष, नेपाल पत्रकार महासंघ, कैलाली
१३. धिरेन वि.क., क्षेत्रीय दलित नेटवर्क
१४. रमेश बस्नेत, सर्वाङ्गीण विकास केन्द्र
१५. गजेन्द्र जि.सि., जिल्ला बार एकाइ समिति, कैलाली
१६. हरिहर खरेल, मानवअधिकार संरक्षण मञ्च
१७. दिलबहादुर चौधरी, कार्यक्रम प्रमुख, इन्सेक, क्षेत्रीय कार्यालय धनगढी
१८. कृष्ण वि.क., मानवअधिकार वर्ष पुस्तकका कैलाली जिल्ला प्रतिनिधि

## घटनाको संक्षिप्त विवरण

**घटना मिति** : २०६२ जेठ ३० गते रातीदेखि ३१ गते बिहान
**घटना समय** : जेठ ३० गते राती अन्दाजी १२:०० बजेदेखि जेठ ३१ गते बिहान अन्दाजी तीन-चार बजेसम्म
**घटनास्थल** : कैलाली जिल्लाको चौमाला गा.वि.स.को बनबेहडास्थित कुचैनी खोला नजिकको ग्वासी सामुदायिक वन
**पीडक** : किटान गर्न नसकिएको
**पीडित** : प्रहरीका परिवार र आफन्तहरू (विवरण तालिकामा प्रस्तुत गरिएको)
**जिम्मेवारी** : कसैले नलिएको

**तालिका : मृतकहरूको नामावली**

| क्र.सं. | मृतक | उमेर | ठेगाना | पति/बाबु |
|---|---|---|---|---|
| १. | लक्ष्मी शाह | २१ | महेन्द्रनगर न. पा.–२, कञ्चनपुर | केशव शाह |
| २. | दीपेन्द्र शाह | १ | महेन्द्रनगर न. पा.–२, कञ्चनपुर | केशव शाह |
| ३. | दुर्गादेवी ऐर | १६ | अमरगढी न.पा. १, डडेल्धुरा | उपेन्द्र ऐर |
| ४. | राधादेवी सिंह | १९ | टोलेनी गा.वि.स., डोटी | मान बहादुर सिंह |
| ५. | गणेश वि.क. | १८ | हुती गा.वि.स.–८, दार्चुला | |
| ६. | प्रेम भूल | १८ | छापरी गा.वि.स.–६, दार्चुला | |

२०६२ जेठ ३० गते राती अन्दाजी १२:०० बजेको समयमा करिब एक दर्जनको संख्यामा रहेका हतियारधारीहरू सशस्त्र प्रहरीका डेरा रहेका घरमा आए। चौमालास्थित सशस्त्र प्रहरी बल बनबेहडाको दक्षिणपट्टी झण्डै डेढ सय मिटर दूरीमा रहेका घरहरूमा हतियारधारीहरूले ढोका ढक्ढक्याए। मध्यरातमा ढोका ढक्ढक्याउँदा डराएर खाटमुनि लुकी कतिपयले ज्यान जोगाएका भए तापनि छुट्टाछुट्टै घरका दुई कोठामा रहेका तीन महिला, एक काखे बालक र दुई पुरुष चाहिँ अपहरणमा परे।



**सुरक्षाकर्मीसँग तथ्य अध्ययन टोली**

यसअघि महिलाहरूले कोठा खोलेपछि हतियारधारीहरू पसेर "तिमीहरूका श्रीमान कहाँ छन् ? के गर्छन् ? उनीहरूको फोटो कहाँ छ ?" जस्ता प्रश्नहरू गर्दै करिब एक घण्टासम्म सामान खानतलासीसमेत गरे। त्यस कोठामा सशस्त्र प्रहरी बल बनभेडा कैलालीमा कार्यरत सशस्त्र प्रहरी जवान केशवबहादुर शाहकी श्रीमती लक्ष्मी शाह र छोरा एकवर्षीय दीपक शाह, प्रहरी जवान मानबहादुर सिंहकी श्रीमती राधादेवी सिंह र प्रहरी जवान उपेन्द्र ऐरकी श्रीमती दुर्गादेवी ऐर रहेका थिए। लक्ष्मी शाह दुई दिनअघि मात्र एक वर्षे बालकका साथ श्रीमानलाई भेट्न आएकी थिइन्। त्रासका कारणले लक्ष्मी र राधा, दुर्गाकै कोठामा सुत्न गएका थिए। हतियारधारीहरूले ती चार जनासहित अर्को घरको कोठामा रहेका, सशस्त्र प्रहरी बलमा नयाँ भर्नाका लागि आएका दार्चुलाका गणेश वि.क. र प्रेम भूललाई पनि अपहरण गरे। उनीहरूलाई अपहरण गरिँदा छेउको कोठामा बस्ने मानिसहरूले ढोका नखोली खाटमुनि लुकेर ज्यान जोगाएको बताइन्छ।

जानेबेलामा अपहरणकारीहरूले "ए बैनी ! हामी लाग्यौं, प्रहरीहरूलाई खुटिया पठाइदिनू, हामी त्यहीं हुन्छौं" भने। अपहरणपछि पीडितहरूलाई बस्तीकै बाटो बाहिर लगिएको थियो। अपहरितहरू सशस्त्र प्रहरी जवानकै परिवार तथा सशस्त्र प्रहरी बलमै जागिर खान आएका आफन्त भए तापनि नजिकैको सशस्त्र प्रहरी गणलाई बिहानसम्म पनि खबर गरिएन।

अपहरणको करिब चार-पाँच घण्टापछि स्थानीय बासिन्दाबाट खबर पाएपछि सुरक्षाफौजले खोजतलास अगाडि बढायो। सुरक्षाफौजकासाथ स्थानियबासीहरू पनि खोजबिनमा सक्रिय रहे। यसैबीच उनीहरूको अपहरणको खबरपछि इन्सेकलगायतका विभिन्न संस्थाका तर्फबाट मानवअधिकारकर्मीहरूको एक टोली धनगढीबाट आवश्यक पहलका लागि जेठ ३१ गते बिहान १० बजे बनबेहडा तर्फ लागेको थियो। सो टोलीले अपहरितका छिमेकीहरूसँगको सोधपुछपछि मसुरियामा त्यस इलाकाका माओवादी एरिया इन्चार्ज "पवन" सँग भेट गरेको थियो। पवनले सो अपहरणसम्बन्धमा आफूलाई अहिलेसम्म कुनै जानकारी नआएको भनी अनभिज्ञता जाहेर गर्दै सो सम्बन्धमा थाहा हुने बित्तिकै जानकारी गराउने बताए। टोली साँझ धनगढी फर्कने बेलामा बनबेहडा आइपुग्दा वनभित्र एउटा लास रहेको कुरा पुलिसले बताएका थिए।




**मानवता विरुद्धको कलंक** : बनबेहडा हत्याकाण्डमा मारिएका व्यक्तिका लासहरु

सोही दिन दिउँसो करिब एक बजे एकजनाले वनमा लास रहेको भनी सामुदायिक वनका पाले खगेन्द्र बुढालाई जानकारी गरायो। लास भएको ठाउँतिर जाँदा उनले एक महिला र एक बालकको लास देखे। त्यसपछि उनले स्थानीय बासिन्दाहरूलाई भेला गराई आवश्यक परामर्शपछि सुरक्षाकर्मीलाई खबर गरे।

सुरक्षाफौजको गणदेखि झण्डै २० मिनटको दूरीमा रहेको घटनास्थलमा पालेले खबर गरेको करिब डेढ घण्टापछि (४:०० बजे) सुरक्षाकर्मीहरू पुगी लासहरू गण परिसरभित्र ल्याए। लास खोज्न र एकत्रित गर्न करिब एक घण्टा लागेको कुरा सुरक्षाकर्मीहरू बताउँछन्। त्यसको भोलीपल्ट अर्थात् असार १ गते सुरक्षाकर्मीहरूले एक पत्रकार सम्मेलन गरी घटनाको बारेमा जानकारी गराएका थिए।

अपहरणपश्चात् नृशंश हत्या गरिएको उक्त घटनापश्चात त्यस क्षेत्रका अधिकांश सर्वसाधारणहरू अन्यत्र गएर रात बिताउन थालेका छन् भने प्रहरीका परिवारहरू साँझ छ बजेदेखि बिहान छ बजेसम्म गणभित्रै बस्दै आइरहेका छन्। त्यसरी भित्र बस्नेमा ६८ जनाको परिवार रहेका बताइन्छ।

## घटनास्थलको विवरण

**(क) अपहरणस्थल**

अपहरणको घटना भएका घरहरू सशस्त्र प्रहरी बल, बनबेहडाको ठीक अगाडि डेढसय मिटर उत्तरमा पर्दछन्। सो स्थानमा १०/१५ वटा स-साना कच्ची घरहरू रहेका छन्। प्रायः सबै घरमा प्रहरीका परिवार बस्दछन्। सबै घरका ढोका असाध्यै कच्चा छन् भने घरमा झ्याल छैनन्। प्रकाशको लागि घरको पछाडिका भागमा सानो प्वाल बनाएको देखिन्छ।
अपहरणको घटना भएका घरहरू बस्तीको बीच भागमा रहेका छन्। दुई घरबीचको दूरी चार-पाँच मिटर रहेको छ। महिलाहरू र नाबालकलाई अपहरण गरिएको घरमा लस्करै छ वटा कोठा छन्। कोठा नं. ५ र ६ मा बस्ने राधादेवी सिंह र लक्ष्मी शाह, घटना भएको दिन दुर्गादेवी ऐरको कोठा (कोठा नं. ३) मा सुतेका थिए। धर्म बि.क.का पाहुना गणेश वि.क. र प्रेम भूल भने अर्को घरको बीच कोठामा थिए।

**(ख) हत्यास्थल**

हत्यास्थल अपहरणस्थलदेखि झण्डै डेढ कि.मी. पूर्वपट्टी रहेको छ। ग्वासी सामुदायिक वन बाक्ला साल, सिसौ, सिमल आदिका रुखहरू र स-साना झाडी र ढङ्गी घाँसले ढाकिएको छ। जंगलभित्र पस्न काँडेतार समेत नाघेर जानुपर्छ। वनमा भर्खर वृक्षारोपण समेत गरिएको छ।

वनमा एउटा समतल ठाउँमा रगतको टाटो देखिन्थ्यो र त्यसभन्दा झण्डै १० मिटरपूर्व एउटा रुखमुनि अर्को रगतको रातो टाटो थियो। प्रत्यक्षदर्शीका अनुसार, पहिलो स्थानमा राधाकुमारी सिंह र दोश्रो स्थानमा बच्चाको लास थियो। राधादेवी सिंहको लाश भेटिएको नजिकै एक जोर चप्पल समेत पाइयो। त्यहाँबाट करिब २० मिटर उत्तरमा एउटा रगतको टाटो थियो। रगतका थोपाहरू चारैतिर पातमा छरिएका थिए। त्यस्तै, त्यसको १० मिटर पूर्वको समतल ठाउँमा रगतको ठूलै टाटो थियो। खगेन्द्र बुढाका अनुसार ती स्थानमा दुई युवकका लास थिए। यसरी करिब ३० मिटर वरपरको विभिन्न ठाउँमा हत्या गरिएको बुझिन्छ।

## लाशको स्थिति र प्रकृति

लाशहरू अति भयावह देखिन्थे। सबैका घाँटी रेटिएका थिए। छाती, रुद्रघण्टीलगायत शरीरका ठाउँ-ठाउँमा धारिलो हतियारले रोपिएको थियो। बालकको लास आन्द्रा-भूँडी निक्लिएको, छरपष्ट अवस्थामा रहेको थियो। सबै महिलाहरूका लासका तल्लो अङ्गका कपडा च्यातिएका र फुकालिएका अवस्थामा थिए। गणेश वि.क.को हातका औंलाहरूका ठाउँ-ठाउँमा काटिएको थियो र केहि गह्रुँगो वस्तुले थिचिएको थियो। मृतकहरूका शरीरका विभिन्न ठाउँका छाला च्यातिएका, छिचोलिएका र काढिएका देखिन्थ्यो।

## भनाइहरू

### (क) आफन्त, छिमेकी तथा प्रत्यक्षदर्शीका भनाइ

**गोमा चौधरी**

**(कोठा नं. २ मा बस्ने छिमेकी)**

राति करिब १२.०० बजेको समय थियो, म सुतिरहेकी थिएँ। १०, १२ जनाको संख्यामा बुट गुरुम गुरुम पार्दै उनीहरू आए। सबै ढोकामा लात्तीले हाने। "ढोका खोल्, हामी भित्र आउँछौं" भने। तर मैले ढोका नखोली खटियामुनि गई लुकें।

त्यसपछि ती मान्छे मेरो छेउको कोठातिर लागे, "ढोका खोल, हामी भित्र आउँछौं" भने। दुर्गादेवीले आफ्ना श्रीमान होलान् भन्ठानेर ढोका खोलिन्। ती त माओवादी रहेछन्। त्यसपछि "तिमीहरूका श्रीमानहरू कहाँ छन् ? लुकाएका छौ कि !" भनी सोधे। म जोडिएको, नजिकको कोठामा सुनिरहेकी थिएँ र थर्र कामिरहेकी थिएँ। त्यसपछि "तिमीहरूका श्रीमानहरूको फोटो देखाऊ" भनी भने। त्यसपछि सबै आइमाईहरूलाई आफूसँगै जान भने। उनीहरूले ज्यानको मायाले केही भन्न सकेनन्। लक्ष्मी शाहले आफूसँग एक वर्षको छोरो भएकोले म जान सक्तिनँ भनिन्। तर उनीहरूले "छोरोलाई यहीं छोड, हिंड" भने। उनले "म सानो छोरालाई छोडेर जान सक्तिनँ" भनिन्। तर तिनीहरूको अगाडि उनको जोड चलेन। "त्यसो भए छोरा लिएर हिंड" भने। उनीहरूलाई लिएर हिंडिसकेपछि जाने बेलामा उनीहरूले "ए बैनी ! प्रहरीहरूलाई खुटिया पठाइदिनू, हामी त्यहीं हुन्छौं" भने। लक्ष्मी शाह त्यो दिन भर्खरै मात्र श्रीमानलाई भेट्न यहाँ आएकी थिइन्।

जानेबेलामा नयाँ भर्ना हुन आएका दार्चुलाका दुई युवाहरूलाई समेत उनीहरूले लगे। सबै कोठाका झ्यालबाट टर्चलाइट बालेर भित्र हेरेका थिए। उनीहरूले "एक बजन लागिसक्यो, जाम् जाम्" भनेर जोडले भनेका थिए। उनीहरूलाई पिट्न त पिटेका थिएनन्। मेरो कोठामा पनि लाइट बालेका थिए, तर म खटियामुनि भएको कारणले देखेनन्। त्यसपछि लामो समयसम्म म खटियामुनि नै बसें। धेरै बेरपछि खटियामुनिबाट बाहिर निस्केर फेरि खटियामुनि नै बसें। अरुलाई अबर गर्नुपर्छ भनेर घरबाट बाहिर निस्कन खोज्थें, तर बाहिर निक्लन सकिनँ। झण्डै साढे चार बजेपछि बाहिर आएर अरुलाई खबर गरें। त्यसपछि म त्यो घरमा बसेकी पनि छैनँ, अन्तै बसें।

**दिलकुमारी देवकोटा**
(**नजिकैको घरमा बस्ने छिमेकी**)
धेरै दिनदेखि सम्साँझै पाँच-सात जनाको सङ्ख्यामा माओवादी आएर हामीलाई धम्क्याउने गर्थे। त्यसैको डरले हामी राती एक्लै सुत्न नसकी सामुहिक सुत्थ्यौं। पहिल्यैदेखि यो क्षेत्रमा माओवादीको चलखेल बढेको थियो। हाम्रा श्रीमानहरू बिहान र दिउँसो यहाँ बस्ने, तर साँझ पर्न थालेपछि गणभित्र गई बस्नुहुन्थ्यो। हामी राती भएपछि बाहिर निस्कँदैनौं। दिसा-पिसाब लागेको बेलामा पनि सक्दो दबाएर (खटाएर) बस्छौं। धेरै चोटी माओवादीहरू कम्ब्याट ड्रेसमा आएका छन्।
हामीले त बिहान भएपछि मात्र थाहा पायौं। अनि बलमा खबर गऱ्यौं। त्यो घटनापछि हामी सबै प्रहरी परिवारहरू बलभित्रै गएर बसेका छौं। साँझ छ बजे बलभित्र पस्छौं र बिहान छ बजे बाहिर आउंछौं। जति बाहिर बस्दा डर लाग्थ्यो, त्यति भित्र बस्दा डर लाग्दैन। हामी कहाँ गएर बस्ने ! अहिले झण्डैं ६८ जनाको परिवार गण भित्र बस्छौं। पाँ-छ जनाको परिवार त अन्तै गइसके।

**वसन्ती वि.क.**
(**सशस्त्र प्रहरी धर्म वि.क. की श्रीमती, अपहरित पुरुषहरूकी आफन्त**)
मेरो दुईजना पाहुनाहरू आएका थिए। त्यसैले म अर्कै कोठामा गएर सुतें। पाहुनाहरू यहीं सुते। राती के भयो, मलाई थाहा छैन। बिहान उठेर हेर्दा घरको बाहिर कागजपत्रहरू तथा कपडाहरू कोठा बाहिर छरिएका थिए। म भित्र गएँ, त्यहाँ बाकस खुल्लै थियो। सबै सामान छरिएका थिए। मेरो श्रीमानको सञ्चयकोष कार्ड छैन। मेरो बाकसभित्र राखिएका ५ वटा कोर्षको प्रमाणपत्र, नगद ९ हजार र आधा तोला सुनको औंठी समेत लगेका छन। खटियाका बिस्तरा पनि लथालिङ्ग अवस्थामा थिए।

**गीता खड्का**
(**सर्वसाधारण पसले, विद्यार्थी, छिमेकी**)
राती के भयो मलाई थाहा भएन। बिहान मात्र थाहा पाएँ। यो घटना कसले गरायो, यो पनि भन्न सक्दिनँ। ५० मिटर अगाडि सयौं सुरक्षाकर्मीहरू छन्। तर यहाँ यस्ता घटनाहरू घटेका छन्। दिउँसोभरि मात्र सुरक्षाकर्मीहरू यहाँ देखिन्छन्। रात परेपछि भित्र पस्छन्। हामीलाई माओवादीले पनि राती घरमा नबस्न र बत्ती पनि नबाल्न भन्छन्। सुरक्षाकर्मी भित्रमात्र गस्ती गर्छन्, बाहिर डुल्दैनन्। हाम्रो घर यहाँ छ, हामी कहाँ कस्को घर गएर सुत्ने ! प्रहरीका परिवार त राती गणभित्र गई बस्छन्। हामी कहाँ जाने ! यहाँको सुरक्षाफौजले सर्वसाधारणलाई सुरक्षा दिएजस्तो लाग्दैन। यो क्षेत्रमा माओवादीले धेरै पटक आक्रमण गरेका छन्। हामी इतिकन पनि सुरक्षित महसुस गर्दैनौं।

**राधादेवी सिंहकी आमा**
मैले यो घटना बिहान मात्र थाहा पाएँ। माओवादीले मेरो छोरीको डेरातिर घुम्ने र तर्साउने गर्दथे। छोरीलाई त मारिसके, म त्यसै मरिसकेजस्ती भएकी छु। मलाई मर्नको कुनै डर छैन। मारे पनि मारून्, मलाई बाँच्नको कुनै आशा छैन।

**खगेन्द्र बुढा**
**(सामुदायिक वनका वनपाले)**
हाम्री राधा बहिनीसहित अन्य पाँच जनालाई अपहरण गरेको छ भन्ने मैले बिहान मात्र थाहा पाएँ। त्यसपछि हामी उनको खोजीको लागि यताउती हिँड्यौं। राधाको अपहरणले मलाई धेरै चिन्तित बनाएको थियो। म वनभित्रै थिएँ, डेढ बजे एक बालकले "उता जङ्गलमा एउटा मान्छे मरेको छ" भनेपछि त्यतैतिर लागें। "कतै त्यो लास राधाको त होइन !" भन्ठानी म त्यतैतर्फ गएँ। वनको सम्म परेका भागमा एउटा महिलाको लास देखें र पल्तिर पूर्वपट्टि एउटा बालकको लास रुखको फेदमा आड लगाई राखिएको थियो। बालकको पेटबाट आन्द्राभुँडी बाहिर निस्किएको थियो। महिलाको हात सुरुवालले पछाडिपट्टि बाँधिएको थियो। घाँटी रेटिएको र ठाउँ ठाउँमा धारिलो वस्तुले छाला काटिएको थियो। शरिरका तल्ता भागका कपडा च्यातिएको थियो। वरपर रगत सुकेको थियो। मलाई वनमा एक्लै घुम्न डर लाग्यो र राधालाई नखोजी म घर फर्कें। डरको कारण त्यो खबर मैले सुरक्षाकर्मीलाई भन्न सकिनँ। छिमेकीहरू भेला गराएर उनीहरूँग छलफल गरें। सबैले त्यो खबर सुरक्षाकर्मीलाई बताउनु पर्छ भने र हामी खबर गर्न गयौं।

खबर भनेको केही समयपछि झण्डै चार बजे म, प्रेमबहादुर धामी र सुरक्षाकर्मीहरू सहित फेरी घटनास्थल गयौं। महिला र बच्चाको लास भएको ठाउँ बताइदिएर म माथि नै बसें। मैले लास हेर्न नसकी हातले आँखा छोपेको थिएँ। सुरक्षाकर्मीले आधा घण्टा भित्र एक एक गरी लासलाई ल्याए। बच्चाको लास बाहेक सबैको हात पछाडि बाँधिएको थियो। हामी सुरक्षाकर्मीसँगै फर्कियौं।

**प्रेमबहादुर धामी**
**(उद्धारका लागि घटनास्थल गएका स्थानीय बासिन्दा)**
म सुरक्षाकर्मीसँगै घटनास्थल भएको जङ्गल गएको थिएँ। म माथि नै बसें। सुरक्षाकर्मीले पालैपालो छ वटा लास ल्याए। सबैको लासको घाँटी काटिएको थियो। सबैको छाला ताछिएको थियो। पुरुषहरूको हात बेल्टले बाँधिएको थियो।




**मृतक बालक**

महिलाहरूको हात सल र सुरुवालले बाँधिएको थियो। कपडाभरि रगतै रगत थियो। एउटा केटाका हातका औंला छियाछिया भएको थियो। सुरक्षाकर्मीले लासहरू गण भित्र लगे।

**डा. गणेशबहादुर सिंह**
**(पोष्टमार्टममा संलग्न चिकित्सक)**
सबैका घाँटी धारिलो वस्तुले रेटिएका थिए, चाहे त्यो चक्कु पनि हुन सक्छ, खुकुरी पनि। पेटमा र शरीरका अन्य भागहरूमा कम धारिलो वस्तुले रोपिएको थियो। पेटबाट आन्द्रा बाहिर आइरहेका थिए भने शरीर डिकम्पोज भैसकेको कारण सुन्निएका थिए। उनीहरूको भेजिना एरिया पनि सुन्निएको थियो र डिकम्पोज भैसकेको थियो।

बालकको घाँटी पनि रेटिएको र पेटबाट आन्द्रा-भुँडी बाहिर आएको थियो। प्रचण्ड गर्मीको कारण शरीर डिकम्पोज भैसकेका कारण शरीरका छाला टाँसिएका जस्ता देखिन्थे। बालक बाहेक सबैका हात बाँधिएका थिए र उनीहरूले कुनै प्रतिवाद नगरेको जस्तो भेटिन्छ। लासको प्रकृति हेर्दा उनीहरूलाई झण्डै २४–२६ घण्टा अघि मारिएको हुनु पर्छ जस्तो देखिन्छ।

महिलाहरूको भेजिना डिकम्पोज भैसकेको कारण मृतक महिलाहरू बलात्कृत थिए वा थिएनन्, भन्न सकिँदैन। सो सम्बन्धमा थप अनुसन्धानको आवश्यकता छ।

## (ख) सुरक्षा निकायका भनाइ

**शेखर नेपाल**
**(एस. पी., शसस्त्र प्रहरी बल)**
३० गते राती अपहरण भयो। तर हामीले बिहान मात्र थाहा पायौं। थाहा पाउने बित्तिकै सबै मानवअधिकारकर्मीलाई नीजहरूको जीवन रक्षाको लागि पहल गरिदिन आग्रह गऱ्यौं। हामीले सर्च गर्न टोली पठायौं। तर कुनै खबर थाहा भएन। चार-पाँच बजेतिर जङ्गलमा एउटा मात्र लास छ भन्ने थाहा पाएपछि हामी सो स्थलतर्फ गयौं। अपहरित छ जनाको लास जङ्गलमा रहेछन्। यहाँ लिएर आयौं र बिहान पत्रकार सम्मेलन गऱ्यौं। साँझपख गाउँलेहरू भेला गराएर "तपाईंहरूले के थाहा पाउनु भयो ?" भनी जान्न खोज्यौं। उनीहरू माओवादीले नै मारेको भन्छन्। माओवादीले प्रहरीहरूका श्रीमतीहरूलाई पटक पटक "आज यहाँ दोहोरो भीडन्त हुन्छ, तपाईंहरू यहाँ नबस्नु होला" भन्थे। माओवादीको माथिल्लो तहको आदेश नहोला, तर तल्लो तहले माथिल्लो नेताको आदेश नमानेका रेकर्ड धेरै छन्। गाउँलेहरूले सुनेका पनि छन् र देखेका पनि छन्। तर भन्न चाहन्नन्। अपहरणको खबर राती एक बजे नै आएको भए राती नै सर्च गर्न पठाउँथ्यौं।

सुरक्षाको हाम्रो प्याट्रोलिङ्ग राती हुँदैन, दिउँसो मात्र हुन्छ। तर त्यस दिन कुनै जानकारी आएको भए हामी राती पनि प्याट्रोलिङ्ग गर्थ्यौं। यो घटनापछि एक महिलाले ठाउँ ठाउँमा ब्लफ कल गरेर "बनबेहडाको घटना देखिस् ? तेरो पनि



**मृतकका पति तथा आफन्त**

त्यही हालत बनाइदिउँला !" भनी प्रहरी परिवारलाई धम्की दिइरहेकी छे। यो काम हाम्रा केटाहरूको मनोबल गिराउन गराइएको हो। केही गाउँले भन्छन्- राती बत्ती नबाली ट्याक्टर आएको थियो।

**नारायणराज पाण्डे**
(**डि.आइ.जि., सुदूर पश्चिम क्षेत्रीय सशस्त्र प्रहरी बल मुख्यालय, वैद्यनाथ वाहिनी, अत्तरिया, कैलाली**)
सुरक्षा फौजको सफल कारबाहीबाट अतालिएर माओवादी सुरक्षाकर्मीको परिवारमाथि उत्रिएका हुन्। कैलालीको मसुरियाको भीडन्तमा ठूलो क्षति बेहोरेपछि निर्दोष बच्चा, महिलालगायतका परिवारलाई अपहरण, यातना तथा हत्या गर्नुले कमजोर र आतङ्ककारी मनस्थितिको प्रमाण दिन्छ। यस्ता कार्य रोक्नका लागि सञ्चारकर्मी र मानवअधिकारकर्मीसँग पहलका लागि आग्रह समेत गर्छु।

प्रहरीका परिवारलाई गणभित्र राख्दा हामीले चौबिसै घण्टा सुरक्षा दिनु पर्ने र माओवादी आक्रमणको बेलामा क्षति पुग्न सक्ने ठानेर हामीले गण बाहिर नजिकैको घरमा डेरा लिएर राखेका थियौं। माओवादीले यो काम लामो समयको योजना पछि गरेका छन्। उनीहरूले लामो समयदेखि त्यो परिवारका बारेमा जानकारी लिइरहेको हुनु पर्छ।

**धीरेन गुरुङ्ग**
(**कर्णेल, तेघरी बरख गण, अत्तरिया, कैलाली**)
हामीले गरेका गल्तीहरू हामीले स्वीकार गरेका छौं र उनीहरूले गरेको गल्तीको जिम्मा उनीहरूले लिनु पर्छ। कतै यो गुण्डागर्दी हो कि ! माओवादीले पनि निष्पक्ष छानबिन गर्नुपर्छ। पिस किपिङमा हामीले के गर्ने, के नगर्ने हामीले हाम्रा केटाहरूलाई राम्ररी कन्सेप्ट् क्लियर गराएका छौं। फिल्डमा जानु भन्दा अगाडि मानवअधिकार सम्बन्धमा हाम्रा जवानहरूलाई राम्ररी ज्ञान गराउँछौं। यहाँ मानवअधिकारवादीहरूले बढी गहिरिएर चासो लिइदिनुपर्‍यो। निष्पक्ष छानबिन गरिनु पर्‍यो।



**सुरक्षाकर्मीद्वारा गरिएको पत्रकार सम्मेलन**

**पंकज श्रेष्ठ**

(**एस.पी., क्षेत्रीय प्रहरी इकाई कार्यालय, धनगढी कैलाली**)

यो घटनामा बच्चाकी आमा बाहेक अरु महिलाहरूमाथि बलात्कारको बढी सम्भावना छ। हामी सुरक्षाकर्मी फ्याक्ट फाइन्डिङ गर्न जाँदा धेरै जटिल छ। अहिले छानबिन स्वतन्त्र रूपमा गर्न सकिने अवस्था छैन। एक हातमा बन्दुक बोकेर कसरी छानविन गर्न सकिन्छ ? दुवै पक्षले स्वतन्त्र छानबिनको लागि वातावरण बनाइदिनु पर्छ। मारिने महिलाहरू र पुरुषहरूको अरुसँग रिसराग नभएको बुझिन्छ। मारिनेमध्ये राधादेवी सिंहलाई केही महिना अघि माओवादीले ट्रेनिङ क्याम्पमा पनि लगेका थिए। पछि उनले प्रहरीसँग विवाह गरिन्। राधाबाट माओवादीहरूको सूचना खुल्ने (लिक हुने) डरले सो घटना घटाइएको पनि हुन सक्छ।

### (ग) माओवादी पक्षका भनाइ

**उत्सव**

(**नेकपा (माओवादी) का कैलाली जिल्ला सचिव**)

एकजना सशस्त्र प्रहरी हबलदार अघिल्लो दिनदेखि हराएका छन्। मृतक रेखा सिंह एक वर्ष माओवादी पार्टीमा थिइन्। पछि उनले सशस्त्र प्रहरीसँग विवाह गरिन्।

बनबेहडा हत्याकाण्डमा हाम्रा कार्यकर्ताहरूको कुनै संलग्नता छैन। यदि निष्पक्ष छानबिनको प्रत्याभूति गरिन्छ भने हामी त्यसका निम्ति वातावरण बनाउन सहयोग गर्नेछौं। हाम्रो छानबिनलाई पनि बाधा बिघ्न नहालियोस्। साथै, *संयुक्त राष्ट्र संघ, राज्य वा कुनै पनि निकायले गर्ने छानबिनको हामी स्वागत गर्दछौं। पार्टी आफै पनि गम्भीर ढङ्गले छानबिन गर्दैछ। अरुले पनि छानबिन गरून्।*

**मुक्ति**

(**नेकपा (माओवादी)का सेती–महाकाली व्यूरो सदस्य**)

बनबेहडा घटनामा हाम्रो पार्टीको संलग्नता रहेको छैन। सो घटना राज्य पक्षबाट घटाइएको हुनु पर्दछ। हामीलाई जुन आरोप लगाइएको छ, त्यो सरासर गलत र तथ्यहीन छ। हामीलाई बदनाम गराउन सो घटना घटाइएको हो। हामीले सो घटना घटाउनु त परै जाओस्, हामी यस्तो सोच्न पनि सक्दैनौं। हामी सम्पूर्ण आम नागरिक, मानवअधिकारवादी र पत्रकारलाई विश्वस्त पार्न चाहान्छौं, हामीले सो घटना घटाएका होइनौं। हामीले युद्ध मैदानबाट आफ्नो नियन्त्रणमा लिएका सेना तथा पुलिसहरूलाई मानवअधिकारवादी तथा पत्रकारको रोहवरमा ससम्मान मुक्त गरेका छौं भने राती घरमा सुतिरहेका निर्दोष व्यक्ति र दूधे बालकलाई कसरी अपहरण गरी विभत्स तरिकाले हत्या गर्न सक्दछौ ! यस्तो त कल्पना पनि गर्न सक्दैनौं।

हामी यस घटनाप्रति मर्माहत भएका छौं र यसको अनुसन्धानको तयारी गरिरहेका छौं। हामी सबै मानवअधिकारवादी संघ सस्थालाई अनुरोध गर्दछौं कि यस घटनाको निस्पक्ष छानबिन गरियोस्। मानवअधिकारवादी संघ सस्थाप्रति हामी विश्वास गर्दछौं र *अनुसन्धानको समयमा हामीबाट कुनै प्रकारको बाधा अवरोध हुने छैन। आवश्यक भएमा हाम्रो सहयोग पनि लिन सकिन्छ र हामी सहयोग गर्न तयार छौं। निस्पक्ष छानबिन गर्दा तथ्य प्रमाणका आधारमा सो घटना हामीबाट भएको ठहर भएमा हामी स्वीकार गर्न तयार हुने छौं।* तर निष्पक्ष र तथ्यपरक हुनु पर्नेछ।

यस घटनामा माओवादीका कुनै सदस्यको पनि हात छैन। *केही अपराधी तत्व माओवादीमा सामेल भएर पछि सुराकी बने। यस्ताको हात हुन सक्छ। पार्टीले छानबिन गर्दैछ, गर्छ।*

**विश्लेषण, निष्कर्ष तथा सुझावहरू**

बनबेहडा हत्याकाण्ड अत्यन्तै अमानवीय, त्रासदीपूर्ण र पूरै भर्त्सनायोग्य रहेकोमा कुनै विवाद छैन। यो मानवताविरोधी कलङ्कका रूपमा नेपाली समाजमा बिर्सनै नसकिने घटना बन्न पुगेको छ। विभिन्न पक्षका दाबी तथा आरोप र त्यस अघि-पछिका विभिन्न घटनाक्रमले उक्त घटनालाई झन् झन् रहस्यमय बनाइरहेका छन्।

सशस्त्र प्रहरीका परिवार तथा आफन्तको हत्या भएको खबर आउनासाथ माओवादीले गराएको आशङ्का गरियो। माओवादीले चितवन तथा काभ्रेलगायतका अनेक घटनामा सर्वसाधारणलाई पनि लक्ष्य गरेको र कैलालीमै जेठ १४ गते

धनगढी नगरपालिका–३ स्थित डेरामा टेलिभिजन हेरिरहेको बेलामा प्रहरी हबलदार कौशल्या माझी चौधरीसहित चार वर्षीय बालक किरण चौधरी पनि माओवादीद्वारा मारिएकोजस्ता घटनाले त्यस्तो आशङ्का हुनु अस्वाभाविक पनि थिएन।

तर माओवादीको "जनमुक्ति सेना, पश्चिम डिभिजनका कमाण्डर" प्रभाकरले नेकपा (माओवादी) र जनमुक्ति सेनाको उक्त घटनामा कुनै पनि हात नभएको दाबी गर्दै असार १ गते वक्तव्य प्रकाशन गरे। "सो घटना उनीहरू (सुरक्षाफौज) को अन्तरकलह र अन्तरविरोधको पराकाष्ठाको एउटा नमूना मात्र" भएको आरोप पनि प्रभाकरले लगाए। यसरी बनबेहडा हत्याकाण्ड रहस्यमय बन्न पुगेको छ।

तर व्यापक भर्त्सना भएको यस घटना बारेमा चितवन घटनामा झैं माओवादीका अध्यक्षको नभई डिभिजन कमाण्डरको मात्र वक्तव्य आउनुले माओवादीका तर्फबाट आउने यो नै अन्तिम आधिकारिक (फाइनल अथोरिटेटिभ) वक्तव्य भने होइन भन्ने देखिन्छ। विगतमा पनि माओवादी पक्षबाट एउटै घटनाका सन्दर्भमा पहिले अस्वीकारोक्ति तथा पछि स्वीकारोक्ति र छानबिनको आश्वासन दिने गरेको देखिन्छ। तर त्यस्ता "छानबिन" को प्रतिवेदन भने कहिल्यै सार्वजनिक गरिने गरेको छैन र दोषीमाथि कारबाही भएका सार्वजनिक उदाहरण पनि देखिँदैनन्। सर्वत्र आलोचना भई माओवादी अध्यक्षद्वारा माफी समेत मागिएको माडी (चितवन) घटनाको सन्दर्भमा पनि माओवादीको छानबिनको परिणाम के आयो र कस-कसलाई कारबाही गरियो भन्ने कुरा हालसम्म सार्वजनिक गरिएको छैन।

रहस्यमय बनबेहडा हत्याकाण्ड बारेमा मौन रहे तापनि माओवादी अध्यक्ष प्रचण्डले अर्कै सन्दर्भलाई सम्बोधन गर्दै असार ५ गते सार्वजनिक गरेको वक्तव्यमा "निर्दोष र निहत्था राजनैतिक कार्यकर्ता वा सर्वसाधारण कसैमाथि पनि बल प्रयोग गर्ने हाम्रो पार्टीको नीति कहिल्यै पनि रहेको छैन" भनिएको छ। तर व्यवहारत: यस्तो दाबीको विश्वसनीयता कमजोर रहेको विगतमा देखिएको छ। तसर्थ *बनबेहडा घटनाका सन्दर्भमा वक्तव्यमार्फत् आएको उसको अस्वीकारोक्ति प्रश्नकै घेरामा छ भन्ने माओवादी नेतृत्वले बुझ्नु पर्छ।*




**धनगढीमा आयोजित पत्रकार भेटघाट कार्यक्रममा बोल्दै इन्सेक अध्यक्ष सुबोधराज प्याकुरेल**

सुरक्षाकर्मीकै परिवार तथा आफन्त मारिएका हुनाले सामान्य अवस्थामा त्यसको दोष अर्को पक्षलाई जानु स्वाभाविकै हो। त्यस क्षेत्रमा बारम्बार दोहोरो भीडन्त तथा हत्याका घटना हुने गरेका र मसुरिया इलाकाको वनखेतमा सुरक्षाफौजको कारबाहीमा बालकसहित महिलाको हत्या भएको पृष्ठभूमिमा बनबेहडा घटना माओवादीले बदलाको भावले गरेको भन्ने दाबी गर्न सरकारलाई सजिलो भएको छ। स्थानीय बासिन्दाका अनुसार, झण्डै एक महिना अघिदेखि माओवादीले पटक पटक प्रहरीका श्रीमतीहरूलाई धम्की दिँदै आइरहेका थिए। पटक-पटक “यो स्थानमा दोहोरो भीडन्त हुन्छ, तिमीहरू अन्यत्रै जानू” समेत भन्ने गरेका थिए। माओवादीको धम्कीकै कारण प्रहरीका श्रीमतीहरू सामुहिक रूपमा सुत्ने गर्दथे।

यस घटनाको सन्दर्भमा माओवादी शङ्काको घेरा बाहिर छैन। स्थानीय बासिन्दाहरू समेत यस घटनामा माओवादीको संलग्नताप्रति विश्वस्त देखिएको पृष्ठभूमिमा उसले आफ्नो निर्दोषिताको दाबी वक्तव्यमार्फत् गरेर मात्र पुग्दैन। पार्टीमा केही अपराधी तत्व सामेल भएको भनेर त माओवादी नेताले समेत भनेका छन्। *घटनाको निष्पक्ष एवं वस्तुगत छानबिन गरी आफ्नो असंलग्नता प्रमाणित नगरुञ्जेल माओवादी शङ्काको घेराभित्र रहिरहने देखिन्छ।*

घटना भएको क्षेत्र माओवादीको सघन प्रभाव क्षेत्रमा पर्दछ। सामान्य जनजीवनको सन्दर्भमा प्रहरी-प्रशासनको उपस्थिति त्यस क्षेत्रमा शून्यप्राय: देखिन्छ। यस कारणले पनि घटनाको सत्य तथ्य छानबिन गर्ने जिम्मेवारी माओवादीको पनि हुन आउँछ।

यस घटनाले प्रहरीसम्म जनताको पहुँच र विश्वासको सबाल पनि खडा गरेको छ। *सशस्त्र प्रहरी गणको नाकैमुनि सशस्त्र प्रहरीकै परिवार अपहरित हुँदा पनि जनताले तत्काल खबर दिन आँट वा विश्वास गर्दैन भने सुरक्षाफौजले आफ्नो छविका बारेमा चिन्ता गर्न ढिलो भइसकेको छ।*

सर्वसाधारणउपर ज्यादति गरिएपछि विगतका कतिपय घटनामा माओवादी र राज्यका तर्फबाट समेत गल्ती स्वीकार गरिएको पाइन्छ। मानवअधिकार समुदाय यसका निम्ति दुवै पक्षको सराहना गर्दछ। तर हिंसात्मक द्वन्द्वका क्रममा कतिपय हत्या रहस्यमय बन्न जानु ज्यादै खतरनाक प्रवृत्ति हो। *बनबेहडा हत्याकाण्डलाई पनि नसुल्झिएको रहस्यका रूपमा स्थापित हुन दिनु हुँदैन।* यसका लागि सरकार र माओवादी दुवै पक्षले एक-अर्काको तथा स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहबाट हुने अन्य छानबिनमा बाधा नहाल्नमा प्रतिबद्ध हुनु जरुरी छ।

छानबिनमा बाधा नहाल्ने माओवादीको प्रतिबद्धतालाई सकारात्मक रूपमा लिनु पर्छ। माओवादी पक्षले पनि त्यस प्रतिबद्धतालाई व्यवहारत: नै सुनिश्चित गर्नु पर्छ। बनबेहडा घटनामा मात्र होइन, *सर्वसाधारण नागरिक निशाना बन्न पुगेका कुनै पनि आपराधिक घटनाको स्वतन्त्र छानबिन गर्न दिने नीति माओवादीले बनाउनु पर्छ* भन्ने हाम्रो माग छ। साथै, निर्दोष र निहत्था राजनैतिक कार्यकर्ता वा सर्वसाधारण कसैमाथि पनि बल प्रयोग नगर्ने पार्टीको नीति रहेको जुन दाबी माओवादी नेतृत्वले पटक पटक गर्ने गरेको छ, त्यसको विश्वसनीयता कायम गर्न ठोस कदम चाल्न हामी आग्रह गर्दछौं।

सरकारले पनि द्वन्द्वको क्रममा हुने गैरन्यायिक तथा आपराधिक घटनाको छानबिन जो कसैले गरेपनि त्यसलाई सकेसम्म सघाउने र कम्तीमा पनि आफ्नो तर्फबाट बाधा नहाल्ने स्पष्ट नीति बनाउनु पर्छ। *बनबेहडा हत्याकाण्ड जस्तो अत्यन्त दु:खद घटनाबाट पाठ पढेर सरकार र माओवादीले द्वन्द्वकै बीचमा पनि अपराधीहरूले उन्मुक्ति नपाऊन् भन्ने सुनिश्चित गर्ने दिशामा असल संस्कृतिको विकास गर्न सक्छन्।*

बनबेहडा हत्याकाण्डको स्वतन्त्र, निष्पक्ष एवं वस्तुगत ढङ्गबाट व्यापक छानबिन हुनु पर्छ। तसर्थ सरकार, माओवादी, मानवअधिकारवादी तथा सञ्चारकर्मीका अलावा संयुक्त राष्ट्रसंघीय मानवअधिकार आयोगको नेपालस्थित कार्यालयलाई छानबिनका निम्ति तत्काल अग्रसर हुन हार्दिक अनुरोध गर्दछौं।

हत्याकाण्डबाट पीडित परिवारलाई तुरुन्त यथोचित राहत प्रदान गर्नको लागि पनि हामी सम्बन्धित पक्षहरूलाई आग्रह गर्दछौं।

बनबेहडा हत्याकाण्डमा अपराधीले लडाइँमा असंलग्न सर्वसाधारण नागरिक समेतलाई लक्षित गरी गैरसैनिक नागरिक उपर जीवन तथा शरीर विरूद्ध हत्या गर्ने कार्य गरेकाले त्यस्ता कार्य निषेधित गर्ने जेनेभा महासन्धिको साझा धारा ३ को

पूर्ण रूपमा उल्लंघन भएको छ। साथै मानव अधिकारको विश्वव्यापी घोषणा पत्र १९४८ को धारा ३, नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तरार्ष्ट्रिय प्रतिज्ञा पत्र १९६६ को धारा ६ तथा  नेपाल अधिराज्यको संविधान २०४७ को धारा १२ (१) अर्न्तगत प्रत्याभूत बाँच्न पाउने अधिकारको पनि उल्लङ्घन भएको छ। साथै, संयुक्त राष्ट्रसंघीय मानवअधिकार आयोगको ६१ औं बैठकद्वारा पारित कार्यसूची प्रकार १९ को बुँदा नं. ४(क) र ८(क) ले गर्न नहुने भनी निन्दा तथा आग्रह गरेका कार्य हुन गएकाले यस्ता नृशंश र अमानवीय आपराधिक कार्य नदोहोऱ्याउन सम्बन्धित पक्षलाई आग्रह गर्दछौं।

मानवअधिकार तथा मानवीय कानूनप्रति ओठे प्रतिबद्धतामात्र नभई त्यसको व्यावहारिक रूपमा पालना गर्न सम्बन्धित पक्षलाई हाम्रो आग्रह छ। युद्धरत कुनै पनि पक्षले गैर-सैनिक तथा युद्धमा संलग्न नरहेका सर्वसाधारण नागरिकमाथि आक्रमण गरी आतङ्क फैलाउने कार्य नगर्न पनि सम्बन्धित पक्षहरूलाई आग्रह गर्दछौं।

मानवता विरूद्धका यस्ता जघन्य अपराध गर्ने अपराधीलाई रोम विधान १९९८ (Rome Statute of The International Criminal Court 1998) अनुसार स्थापित अन्तर्राष्ट्रिय फौजदारी अदालतबाट अन्तर्राष्ट्रिय रूपमै सजाय गराउनका लागि  तत्काल रोम विधान अनुमोदन गर्न सरकारसँग अनुरोध गर्दछौं। संघर्षमा प्रत्यक्ष भाग नलिने सम्पुर्ण व्यक्तिहरूको जीवन र शरीर विरुद्ध गरिने हिंसा, खास गरी हत्या, बलात्कार जस्ता अमानवीय कार्य रोक्ने जेनेभा महासन्धिको दोश्रो आलेख पनि सरकारले तत्काल अनुमोदन गर्न आवश्यक देखिन्छ। यस दिशामा अग्रसर हुन सरकारलाई आग्रह गर्दछौं।

परिशिष्ट

# बनबेहडा हत्याकाण्ड सम्बन्धमा विभिन्न प्रेस विज्ञप्तिहरू

**(१) सात दलको विज्ञप्ति**

धारिलो हतियारले छिया छिया पारी निर्ममतापूर्वक विभत्स हत्या गरिएको यस घटनाको हामी सात राजनैतिक दलहरूको गम्भीर ध्यानाकर्षण भएको छ। यो घटनाका जिम्मेवार पक्षहरूले निहत्था पुरुष, महिला र नाबालक समेतको निर्मम हत्या गरेर नेपाली जनता विरुद्ध तथा सम्पूर्ण मानवता विरुद्ध जघन्य अपराध गरेका छन्। यो घटनाको निष्पक्ष छानबिन गरी सत्य तथ्य नेपाली जनता समक्ष ल्याउन सम्बन्धित पक्षहरू, मानवअधिकारवादी, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ-संस्थाहरू स्वदेशी तथा बिदेशी सञ्चार माध्यमहरूलाई हार्दिक अनुरोध गरिन्छ। साथै अभियुक्तहरूलाई मानवता विरुद्धको अपराधीका रूपमा घोषित गरी दण्डित गरियोस् भनी हामी सात राजनीतिक दलहरू माग गर्दछौं।

*नेपाली काँग्रेस, नेकपा (एमाले), नेपाली काँग्रेस (प्रजातान्त्रिक), जनमोर्चा नेपाल, नेपाल सदभावना पार्टी (आनन्दी देवी), संयुक्त वाममोर्चा, नेपाल मजदूर किसान पार्टी*

**(२) इन्सेक केन्द्रीय कार्यालयका तर्फबाट जारी गरिएको विज्ञप्ति**

कैलाली जिल्लामा सुरक्षाकर्मी परिवारका एक दूधेबालकसहित छ जनाको हत्याका सम्बन्धमा आज अपरान्ह नेकपा (माओवादी)ले एक प्रेस वक्तव्य जारी गरी घटनाको जिम्मेवारी नलिने जनाएपछि इन्सेकका तर्फबाट यो प्रेस विज्ञप्ति जारी गरिएको छ। माओवादीले उक्त घटनामा आफ्नो पार्टीको हात रहेको "आरोपको कडा प्रतिवाद गर्दछौं" भन्ने जनाएपछि घटनाक्रमले नयाँ मोड लिएको छ। तर, माओवादीको जनमुक्ति सेना, नेपालको पश्चिम डिभिजन कार्यालयका प्रभाकरका तर्फबाट जारी गरिएको उक्त वक्तव्यका आधारमा मात्र त्यस घटनाका सम्बन्धमा माओवादी पार्टीले उन्मुक्ति पाउने अवस्था भने छैन। यस घटनाका सम्बन्धमा मानवअधिकार समुदायले गहन छानबिन गर्नुपर्ने अवस्था उत्पन्न भएको छ। घटना रहस्यमय बन्नसक्ने यस क्षणमा हामी संयुक्त राष्ट्रसंघीय मानवअधिकार आयोगको नेपालस्थित कार्यालयलाई छानबिनका निम्ति तत्काल अग्रसर हुन हार्दिक अनुरोध गर्दछौं।

कारक जुनसुकै तत्व भए पनि उक्त घटना मानवताविरुद्धको कलंक भएको कुरामा हामी पुन: जोड दिँदै घटनाको भर्त्सना गर्दछौं। साथै, शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं।

सुबोधराज प्याकुरेल
अध्यक्ष

मिति : ०६२ असार १

**(३) धनगढीस्थित विभिन्न संस्थाका तर्फबाट जारी संयुक्त विज्ञप्ति**

मिति २०६२ साल जेठ ३० गते सशस्त्र प्रहरी बल बनबेहडा कैलालीमा कार्यरत सशस्त्र प्रहरी जवानहरू मानबहादुर सिंह, उपेन्द्र ऐर र केशबबहादुर शाहका श्रीमतीहरू क्रमश: राधादेवी सिंह, दुर्गादेवी ऐर र लक्ष्मी शाह र निजको एकवर्षीय छोरो दीपक शाह र सो प्रहरी बलमा नयाँ भर्नाका लागि आएका दार्चुला छापरी ६ का गणेश बि.क. र दार्चुला हुती ८ का प्रेमराम भूललाई अज्ञात व्यक्तिहरूले अपहरणपछि चौमाला गा.वि.स. को कुचैनी खोला नजिक ग्वासी सामुदायिक वनमा पाशविक तरीकाले हत्या गरेका छन्। निजहरूलाई ०६२ जेठ ३० गते राती १.०० बजे बनबेहडा सशस्त्र प्रहरी बल नजिकैको डेराबाट अपहरण गरिएको थियो। लाशको प्रकृति हेर्दा मृतकहरूको हात पछाडी फर्काई बाँधी, धारिलो बस्तु प्रहार गरी निर्मम तरीकाले हत्या गरिएको छ। लक्ष्मी शाहको मृत शरीर नाङ्गो अवस्थामा फेला परेको र उनका १ वर्षीय छोरा दीपक शाहको आन्द्रा, भुँडी बाहिर छरपष्ट अवस्थामा फेला परेको थियो।

यसरी विभत्सरूपमा हत्या गरिनु दानवीय व्यवहारको पराकाष्ठा हो, जसप्रति हामी मानवअधिकारकर्मीहरू अत्यन्त शोकविह्वल भएका छौं र यस आपराधिक घटनाको घोर भर्त्सना गर्दछौं। दिनानुदिन घट्दै आएका नृशंश अमानवीय

घटनाहरूले सिङ्गो मुलुकलाई नै स्तब्ध बनाइरहेको छ। यस किसिमको जघन्य आपराधिक घटना कस्बाट किन घटाइएको हो यसको निष्पक्ष खोज अनुसन्धान गरी सत्य तथ्य सार्वजनिक गराइनै पर्छ र घटनाका दोषीहरूलाई कडा भन्दा कडा सजाय गरिनै पर्छ र यस्ता अमानवीय घटनाहरू पुन: नदोहरिऊन् भन्ने हामी मानवअधिकारकर्मीहरूको ठहर छ। साथै यस घटनाको वास्तविक सत्य तथ्य पत्ता लगाउनको लागि हामी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकार सम्बद्ध निकायहरूसँग हार्दिक अपील गर्दछौं।

२०६२। ०३। ०१

१. खडकराज जोशी, क्षेत्रीय संयोजक, इन्सेक धनगढी
२. ज्योतिलाल वन, क्षेत्रीय संयोजक, ग्रिन्सो धनगढी
३. सूर्य भण्डारी, अध्यक्ष कैलाली बार इकाई धनगढी
४. सरोज पोखेल, अध्यक्ष मानवअधिकार (एलायन्स) कैलाली
५. रमेश बस्नेत, अध्यक्ष सवाङ्गिण विकास केन्द्र धनगढी
६. हरिहर खरेल, अध्यक्ष मासम धनगढी
७. उदया ओझा, अध्यक्ष, बियोण्ड बेजिङ्ग धनगढी
८. धिरेन्द्र बि. के., जागरण मिडिया सेन्टर
९. जंग ब. सुनार, आर. डि. एन. धनगढी

### (४) सुरक्षा निकायबाट जारी विज्ञप्ति

**सुदूरपश्चिम क्षेत्र, सशस्त्र प्रहरी बल मुख्यालय**
**वैद्यनाथ बाहिनी, अतरिया**
मिति २०६२।३। १ गते
घट्ना जानकारी
**अपहरण, यातना, हत्या सम्बन्धी जानकारी**

कैलालीको बनबेहडा बजारमा डेरा गरी बस्ने सशस्त्र प्रहरी बल बडिमालिका गणका सशस्त्र प्रहरी जवानका श्रीमतीहरू ३ र १ वर्षको बच्चा १ तथा २ जना नातेदारलाई मिति २०६२।२।३१ गतेको मध्यरातमा ०१:०० बजे तिर निजहरू बसेकै डेराबाट आतंककारीहरूले अपहरण गरी लगेकोमा भोलीपल्ट सोही मिती २०६२।२।३१ गतेको अपरान्ह १६:०० बजे चौमाला गा.वि.स. वार्ड नं ८ र ९ बीच कुचैनी खोला नजिक ग्वासी सामुदायिक वन ईलाकामा अपहरित सबै ६ जनालाई विभत्स तरिकाले काटेर घोपेर अत्यधिक अमानवीय यातना दिई मारेर फालेको अवस्थामा फेला परेको। आतंककारीहरूले अपहरण गर्दा खुटिया खोलामा लिन आउनू भनी भनेको भन्ने सुनिएको आधारमा उक्त इलाकामा उक्त गणले खोज तलास गर्नुको साथै INSEC (इन्सेक), ग्रिन्सो लगायत अन्य मानव अधिकारवादी संस्थाहरू र व्यक्तीहरूलाई समेत अनुरोध गरिएको थियो।

अपहरित मृतकहरू सशस्त्र प्रहरी जवान महेन्द्रनगर नगरपालीका वार्ड नं. २ उल्टाखाम बस्ने केशव शाहीकी वर्ष २१ की श्रीमती लक्ष्मी शाह र निजको छोरा वर्ष १ को दिपेन्द्र शाह, सशस्त्र प्रहरी जवान डोटी जिल्ला तोलेनी गा.वि.स.वार्ड नं २ गवाली सायल बस्ने मानबहादुर सिंहकी श्रीमती वर्ष १९ की राधादेवी सिंह, सशस्त्र प्र.ह. दाचुला जिल्ला छापारी गा.वि.स. वार्ड नं. ६ बस्ने धर्म वि.क.को नातेदार वर्ष १८ को गणेश वि.क. तथा दार्चुला जिल्ला हुती गा.वि.स बस्ने वर्ष १८ को प्रेम राज भुल, सशस्त्र प्रहरी जवान डडेल्धुरा जिल्ला अमरगढी नगरपालीका वार्ड १ बस्ने उपेन्द्र ऐरको श्रीमती वर्ष १९ को दुर्गादेवी ऐर।

डेराबाट मध्यरातमा अपहरण गरी १ वर्षको बच्चा लगायत निर्दोष महिला र नातेदारलाई अपहरण गरी अमानवीय रूपमा पीडा र यातना दिन काटेर घोपेर मारी फाल्ने यस कुकृत्य प्रति घृणा र भर्त्सना गर्दछौं। हालै मसुरियाको भीडन्तमा आफूले आफूलाई फायदा हुने ठाउँ, स्थान र समयमा थापेको एम्बुसमा आफु भन्दा १२/१३ दोव्बर कम सुरक्षाफौजले उल्टै सयौंको संख्यामा ध्वस्त बनाएपछि अत्तालिएका आ.का.हरूले यसरी घर डेरामा आई निर्दोष बच्चा महिला लगायतका परिवारहरूलाई अपहरण, यातना तथा हत्या गर्नुले आ.का.हरूको कमजोर र आतंककारी मनस्थितीको प्रमाण दिन्छ। यस्ता कुकृत्यको भर्त्सना र रोक्का लागि सम्पूर्ण मानवअधिकारवादी तथा सञ्चारकर्मीहरूमा हामी आग्रह गर्दछौं। मृत आत्माहरूको चिर शान्तिको कामना गर्दै पिडीत परिवारहरूमा सहनशक्ति प्रदान हुन परमेश्वरसँग प्रार्थना गर्दछौं।

**(५) माओवादी पक्षबाट जारी विज्ञप्ति**

**जनमुक्ति सेना, नेपाल**

**पश्चिम डिभिजन कार्यालय**

**ने.क.पा(माओवादी)**

**प्रेस वक्तव्य**

**□ □□□□□□□**

कैलाली जिल्लाको कथित बडीमालिका सशस्त्र तालिम केन्द्रका जवानहरुको परिवार र बच्चासहित छ जनाको हत्या गरेको भन्ने समाचारले हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ।

सर्वप्रथमत: उक्त घटनामा नेकपा (माओवादी) र जनमुक्ति सेनाको कुनै पनि हात नभएको स्पष्ट गर्दछौं। सो घटना उनीहरुको अन्तरकलह र अन्तरविरोधको पराकाष्ठाको एउटा नमूना मात्र हो। मानवताविरोधी आपराधिक यस्ता घटनाहरु घटाउने त परै जाओस् यस्तो हामी सोंच्न पनि सक्दैनौं। युद्ध मैदानबाटै गिरफ्तार सैनिकहरुलाई रिहा गर्दै आएको स्थितिमा विना कारण परिवारजनको हत्या गर्ने कुरा कुनै पनि क्रान्तिकारीले कल्पना पनि गर्न सक्दैन।

जहाँसम्म हामीमाथिको आरोपको कुरा छ, यसको निम्न कारणहरु हुनसक्छन। पहिलो, उनीहरु सिधै लड्न नसकी यस्तै षड्यन्त्रमूलक आरोपहरुद्वारा जनमुक्ति सेनाप्रति विश्व जनमतलाई भ्रम सिर्जना गरी आफ्नो आयु लम्ब्याउने दुस्साहस गर्दैछन्। दोश्रो, जनसेनाप्रति तल्ला जवानहरुमा भ्रम सिर्जना गरी उनीहरुको भागदौडलाई रोक्ने हत्कण्डाका रूपमा यस्ता घटनाहरु नियोजित ढंगले घटाएका हुन सक्छन्। तेश्रो, यस्तो आपराधिक घटनाको छानविन गर्दा आफैतिर समस्या आइलाग्ने भएपछि यो छानविनको दायित्वबाट च्यूत हुने परिणति पनि हो।

यो मानवताविरोधी घटना हालै शंकरपुर र आमखैयामा भएको शर्मनाक पराजयबाट उत्पन्न विचलित मानसिकताको उपजवाहेक केही होइन। हामी यो आरोपको कडा प्रतिवाद गर्दछौ र हामी जिम्मेवार क्रान्तिकारीहरुमाथि लगाइएका आरोपको भ्रममा नपर्न सबैलाई अनुरोध गर्दछौं।

*२०६२ असार १ गते*

प्रभाकर
कमाण्डर
पश्चिम डिभिजन कार्यालय
जनमुक्ति सेना, नेपाल
ने.क.पा(माओवादी)